# अन्तिम कविता

-*घनश्याम खड्का*

बग्दादको एउटा अँध्यारो गल्लीमा
भेटेकी थिई उसले मलाई अन्तिम पटक
र भनेकी थिई-
यता आऊ त गोरखा
सुनाउँछु म तिमीलाई
मेरो युगको अन्तिम कविता

भर्खरै मात्र बज्रिएका थिए हाम्रा क्षेप्यास्त्र
उसको घरको छानामा
र परिणमस्वरुप
अरु जस्तै भएकी थिई ऊ पनि-रगतपक्ष

अविदित यात्रामा निस्कनुअघि
चुहिएर रगत भूईभरि पोखिनुअघि
उसले भनी धीमा स्वरमा-
भनिदेऊ है गोरखा बाँचेकालाई
अब कसैले पनि नगरोस उत्सब उन्मादको
र नलेखोस कविता अहङ्कारको
सिर्जनाको सीमाभन्दा पर
हृदयको रेखाभन्दा बाहिर
र जिन्दगीको क्षितिजभन्दा पारी
नगरोस् आविष्कार कसैले नयाँ संसारको
र नकोरोस् चित्र कसैले ध्वस्त सपनाको
घाम डुब्नुअघि
रात पर्नुअघि
फाल्न सक्नुपर्छ तिमीले परान्नभोजी पेटलाई
खोल्न सक्नुपर्छ तेस्रो नेत्रलाई
र लेख्न सक्नुपर्छ
यो युगकै अन्तिम तर श्रेष्ठ कविता